
# अठ्ठाइसौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु (माइन्यूट)

## आ.व. २०७८/७९



**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
**डिल्लीबजार, काठमाडौं ।**

Shree Investment & Finance Co. Ltd.
श्री SHREE
Estd-2051
Kathmandu

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजत पत्र प्राप्त संस्था)
श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
Shree Investment and Finance Co. ltd.
Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

**श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.**
**डिल्लीबजार, काठमाडौंको**
**अठ्ठाइसौं वार्षिक साधारणसभाको काम कारवाहीको विवरण तथा निर्णयहरु**
**(माइन्यूट)**

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यू स्वास्थ्य उपचारको क्रममा देश बाहिर रहनु भएकोले यस अठ्ठाइसौ वार्षिक साधारण सभामा प्रत्यक्ष रुपमा उपस्थित हुन नसक्नु भएकोले भर्चुअल माध्यमबाट Vedio Conference मार्फत सहभागि हुनु भएको र कम्पनी ऐन २०६३ दफा ७४ (१) को व्यवस्था बमोजिम सञ्चालकहरुमध्येबाट मनोनिन सञ्चालक श्री महेश प्रसाद अधिकारीज्यूको अध्यक्षतामा कम्पनीको अठ्ठाइसौं वार्षिक साधारणसभा मिति २०७९ पौष २९ गते (तदनुसार १३ जनवरी २०२३ ई.सं.) शुक्रवार विहान १०:०० बजे देखि ११:०० वजेसम्म कम्पनीको रजिष्टर्ड कार्यालय डिल्लीबजार काठमाडौंमा सम्पन्न भयो । अठ्ठाइसौं वार्षिक साधारणसभामा उपस्थिति, छलफलका विषय सूचि, सुचना प्रकाशन, सभाको बैधानिकता, गणपुरक सख्या, सभापतित्व, सभा सञ्चालन, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय(माइन्यूट) देहाय अनुसार रहेको छ ।

१. **सभामा रहेको उपस्थिति**

**क. सञ्चालकहरु**

| | | | |
|---|---|---|---|
| १. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक तथा सभाध्यक्ष | |
| २. | श्री शशिराज पाण्डे | अध्यक्ष | (भर्चुअल उपस्थिति) |
| ३. | श्री दिनेश राज जोशी | सञ्चालक | |
| ४. | श्री रामकृष्ण शर्मा वाग्ले | सञ्चालक | (भर्चुअल उपस्थिति) |
| ५. | श्री उमेश भगत प्रधानाङ्ग | सञ्चालक | |
| ६. | श्रीमती ममता अधिकारी | सञ्चालक | |

**ख. पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री लिलामणि न्यौपाने | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री खिम बहादुर कार्की | नायव कार्यकारी प्रमुख/ कम्पनी सचिव |
| ३. | श्री अनिल जोशी | नायव कार्यकारी प्रमुख |
| ४. | श्री दुर्गा लम्साल | वरिष्ठ प्रवन्धक -अनुपालना तथा संस्थागत सु-शासन विभाग |
| ५. | श्री दुर्गा बहादुर राना मगर | वरिष्ठ प्रवन्धक (जनशक्ति व्यवस्थापन) |
| ६. | श्री रमेश कठायत | प्रवन्धक (वित्त प्रमुख) |

**ग. आमन्त्रितहरु**

| | | |
|---|---|---|
| १. | श्री सिताराम उपाध्याय तिवारी | कानुनी सल्लाहकार |

Shree Investment & Finance Co. Ltd. Estd-2051 Kathmandu

घ. **गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| | |
|---|---|
| कुल शेयरधनी सख्या | ९,४९९ |
| स्वयं उपस्थित शेयरधनी सख्या | ६५ |
| प्रोक्सी मार्फत उपस्थित शेयरधनी संख्या | १६४ |
| कुल शेयर सख्या | ९५,८६,७५० |
| स्वयं उपस्थित शेयर सख्या | ११,७९,८७७ |
| प्रोक्सी मार्फत उपस्थित शेयर संख्या | ४९,२१,६९९ |
| जम्मा उपस्थिति संख्या | ६१,०१,५७६ |
| जम्मा उपस्थिति प्रतिशत | ६३.६५ |

ङ. **सभाको बैधानिकता र सभाको सभापतित्व**

कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३को उपदफा (२) अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि हुनु पर्ने प्रावधान बमोजिम यस वित्तीय सस्थाको अठ्ठाइसौ वार्षिक साधारणसभामा स्वयं हाजिर भई उपस्थित जनाउने शेयरधनीको सख्या ६५ जना तथा प्रोक्सी मार्फत १६४ जना गरी कुल शेयरको ६३.६५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक रहेको व्यहोरा जानकारी गराउनु भयो ।

२. **सभाको सूचना प्रकाशन**

२.१ सञ्चालक समितिको मिति २०७९/०९/०७ गते बसेको ३२६औं बैठकको निर्णय बमोजिम यस कम्पनीको अठ्ठाइसौ वार्षिक साधारणसभाको विषय-सूची सहितको सूचना मिति २०७९/०९/०८ गते शुक्रबारको राष्ट्रिय दैनिक पत्रिका "आर्थिक अभियान" मा पहिलो पटक तथा मिति २०७९/०९/२० गते बुधवार दोस्रो पटक पनि सोही पत्रिकामा सूचना प्रकाशित गरिएको थियो । भर्चुअल माध्यमबाट समेत सभामा सहभागि हुन सक्ने व्यवस्था मिलाई सो को जानकारी मिति २०७९ पौष २६ गते मंगलबार सार्वजनिक सूचना प्रकाशित गर्नुको साथै शेयरधनीको मोवाइलमा SMS तथा इमेल ठेगानामा इमेल समेत गरिएको र उक्त सूचना वित्तीय सस्थाको वेभसाइटमा पनि राखिएको थियो ।

२.२ अठ्ठाइसौ वार्षिक साधारणसभा बस्ने सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको "संक्षिप्त वार्षिक आर्थिक विवरण" शेयरधनी महानुभावहरुको कम्पनीको शेयर दर्ता किताबमा कायम रहेको ठेगाना तथा इमेल ठेगानामा समेत पठाइएको थियो ।

२.३ कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको वार्षिक आर्थिक विवरण लगायत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व २०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव एवं नगद प्रवाह विवरणहरु (अनुसूचीहरु सहित) अठ्ठाइसौं वार्षिक प्रतिवेदन तथा लेखा पुस्तिका २०७८/०७९ को रुपमा प्रकाशित गरी यस कम्पनीको वेभसाईट WWW.shreefinance.com.np मा राखिएको लगायत रजिष्टर्ड कार्यालय एवं सभास्थलबाट उक्त पुस्तिका शेयरधनीहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको थियो ।

३. **सभाको बैधानिकता तथा सभापतित्व**

कम्पनी ऐन २०६३ को दफा ६९ बमोजिम शेयरधनीहरुको उपस्थिति तथा गणपुरक सख्या पर्याप्त रहेको व्यहोरा जानकारी गराउदै कम्पनी सचिव खिम बहादुर कार्कीले सभाध्यक्ष श्री महेश प्रसाद अधिकारीज्यूलाई अठ्ठाइसौं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहणका लागि अनुरोध गर्नु भएको थियो । कम्पनीका सभाध्यक्षज्यूले अठ्ठाइसौ वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्नु भई सभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रीत कार्यालय प्रतिनिधिहरु, कानूनी सल्लाहकार, लेखापरीक्षकहरु लगायत सभामा उपस्थित सवैमा हार्दिक स्वागत गर्नु भएको थियो ।

४. **सभामा पेश भएको छलफलका बिषयहरु**

(क) **साधारण प्रस्ताव**

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७८/०७९ को प्रतिवेदन छलफल गरि पारित गर्ने,
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०७८/०७९ आषाढ मसान्तको बासलात तथा सोहि आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण लगायत वार्षिक आर्थिक विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने,
३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७९/८० को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने । (P & B Associates पुन: नियुक्तीकोलागी योग्य हुनुहुन्छ । )
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ५.२०% ले हुन आउने रु. ४,९८,५१,१००/- (अक्षरेपी चार करोड अन्ठान्नब्वे लाख एकाउन्न हजार एक सय मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) बितरण गर्न स्वीकृत गर्ने ।

ख. **विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप हालको चुक्ता पूँजीको २.४०% ले हुन आउने रु. २,३०,०८,२००/- (अक्षरेपी दुई करोड तीस लाख आठ हजार दुई सय मात्र) बरावरको बोनश शेयर बितरण गर्न स्वीकृत प्रदान गर्ने,
२. बोनश शेयर बितरणबाट कम्पनीको साविक जारी तथा चुक्ता पूँजी रु.९५,८६,७५,०००/- बाट वृद्धि भई रु.९८,१६,८३२००/- (अक्षरेपी अन्ठान्नब्वे करोड सोह्र लाख त्रियासी हजार दुई सय मात्र) कायम हुने गरि कम्पनीको प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्न स्विकृत प्रदान गर्ने ।
३. संस्थापक तर्फको विद्यमान शेयर स्वामित्व ५३.३२% र सर्व-साधारण तर्फको शेयर स्वामित्व ४६.६८% लाई क्रमश: ५१% र ४९% कायम गर्न प्रवन्ध पत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा तदनुसार संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।

Shree Investment & Finance Co. Ltd. Estd-2051 Kathmandu

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

४. उपरोक्त प्रस्ताव बमोजिम कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्न तथा नियमनकारी निकायबाट कुनै फेरबदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

द्रष्टव्य: अठ्ठाइसौ वार्षिक साधारणसभालाई ध्यानमा राखी कम्पनीको शेयर दाखीला खारिजको काम (Book Closure) मिति २०७९/०९/१९ गते एक दिन बन्द रहने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

*सञ्चालक समितिको आज्ञाले*
*कम्पनी सचिव*

५. **सभामा मन्तव्य प्रस्तुति**

सञ्चालक समितिका अध्यक्ष श्री शशिराज पाण्डेज्यूले भर्चुअल माध्यमबाट शुभकामना मन्तव्य राख्नु भएको थियो तथा सभाको पूर्ण सफलताको कामना गर्नु भयो ।

कम्पनीको अठ्ठाइसौं वार्षिक साधारणसभाको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्री महेश प्रसाद अधिकारीज्यूले सभामा अध्यक्षको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन लगायत कम्पनी ऐन २०६३ को दफा १०९ तथा धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ (अनुसूची १५) बमोजिम सञ्चालक समितिले तयार पारेको प्रतिवेदन सभासमक्ष पेश गर्नु भयो ।

प्रतिवेदन प्रस्तुति पश्चात सभाध्यक्षज्यूले सभामा उपस्थिति शेयरधनी महानुभावहरुलाई आफ्नो मन्तव्य तथा सुझावहरु भए राख्न अनुरोध गर्नु भए अनुसार देहायका शेयरधनीहरुले सभामा आफ्नो मन्तव्य राख्नु भएको भयो ।

१. ***श्री महेन्द्र बहादुर श्रेष्ठ***

- यस वित्तीय संस्थाको शुरुदेखिको प्रगतिको लागी धन्यवाद ।
- व्याजदरले गर्दा गुणस्तरीय कर्जा मागमा कमी आएको ।
- कृषि कर्जाको सदुपयोगिता सम्बन्धमा सुझाव ।
- फाइनान्सको भविष्य राम्रो र त्यसमा पनि श्री इन्भेष्टमेन्टको संस्थागत सु-शासन राम्रो रहेको छ ।
- स्थानीय स्तरमा CSR तर्फ पनि ध्यान दिन सुझाव दिन चाहन्छु ।

२. ***श्री रोज कुमार श्रेष्ठ***

- वर्तमान परिस्थितिमा पनि फाइनान्सको कर्जा लगानी गाह्रो हुँदा हुँदै पनि राम्रो लाभाँश वितरण गरेकोमा धन्यवाद ।
- पूँजी, निक्षेप र कर्जा लगानी तथा कुल आम्दानीमा बृद्धिका वावजुद पनि खुद नाफा घटेको छ ।
- प्रति शेयर आम्दानी पनि घटेको देखिन्छ ।
- केही छपाईगत त्रुटिहरुलाई आगामी दिनमा सुधारका लागि सुझाव दिन चाहन्छु ।

Shree Investment & Finance Co. Ltd. श्री SHREE Estd-2051 Kathmandu

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

- यस बर्ष निक्षेप तथा कर्जा दुवै बढेको छ, जगेडाकोष पनि बढेकोछ यी सवै कम्पनीका राम्रा पक्षहरु हुन ।
- निक्षेप तथा कर्जा बढेको आधारमा आगामी वर्षमा नाफा बृद्धि होस भन्ने शुभकामना ।

३. ***श्री डमरु वल्लभ घिमिरे* (लिखित सुझाव)**

- सर्व-प्रथम ऐन नियम र प्रवन्ध पत्रमा उल्लेख भए अनुसार पौष महिना भित्रै साधारण सभा गरि अहिलेको विषम परिस्थितिमा पनि ५.२०% नगद र २.४०% वोनस गरी कुल ७.६०% प्रतिफलको कम्पनी व्यवस्थापन र उहाँको टिमलाई विशेष धन्यवाद ।
- प्रस्तुत प्रतिवेदन अध्ययन र विश्लेषण गर्दा व्यवस्थापनले निकै मिहिनेतको प्रयास गरेको पाइन्छ । सञ्चालक समिति व्यवस्थापनलाई धन्यवाद र बधाई ।
- आगामी वर्षहरुमा मंसिर महिना भित्रै साधारण सभा सम्पन्न गर्न सुझाव दिन चाहन्छु ।
- खर्चहरु कम गर्नु भनेको पनि नाफा बढाउनु हो भन्ने उद्धेश्यका साथ कार्य गर्न सुझाव छ ।
- अन्त्यमा, श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. को उत्तरोत्तर प्रगतिको कामना गर्दै यो समितिलाई बधाई तथा शुभकामना

४. ***श्री शिव प्रसाद पौडेल* (लिखित सुझाव)**

- नगद लाभाँश ५.२० % तथा बोनश शेयर २.४०% समय सान्दर्भिक लाभाँश रहेको पाइयो ।
- अध्यक्षज्यूको मन्तव्य छोटो र सारगर्भित रहेको छ ।
- नगद लाभाँश आजै र बोनश शेयर चाडै पठाउने व्यवस्था मिलाउनु हुन सुझाव छ ।
- आगामी साधारण सभा दशै/तिहारसम्म गर्न अत्यन्तै विनम्रताका साथ सुझाव गर्न चाहन्छु ।
- यो २८औं वार्षिक साधारणमा यहाँले अनेकौ परिस्थितिहरुका बावजुद दिनु भएको लाभाँश ठीक भए पनि आगामी वर्ष १२% भन्दा माथि १५% सम्म आउनु पर्दछ । किनकी Fixed Deposit तिर ध्यानाकर्षण गराउदै सुझाव राख्न चाहे ।
- स्वच्छ प्रतिष्पर्धी फाइनान्स भनेर बजारमा नाम कहलाइएको यो फाइनान्स आगामी दिनमा यस्तै पवित्र गँगा जस्तै बनोस ताकि सबैको ढुकढुकी बनोस ।

Shree Investment & Finance Co. Ltd. Estd-2051 Kathmandu

- शाखा सञ्चाल र व्यापारमा अझै आक्रामक बनोस र अनि मात्र १२-१५% को लाभाँश आउनेमा आशा गर्न सकिन्छ भन्ने सुझाव ।

शेयरधनीहरुले आफ्नो मन्तव्य राखिसके पश्चात निजहरुको मन्तव्य तथा सुझाव उपर सभाध्यक्षज्यूको आदेशानुसार कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री लिलामणि न्यौपानेज्यूले शेयरधनी महानुभावहरुको मन्तव्य तथा सुझावहरुको सम्बन्धमा जवाफ दिनु भएको थियो । प्रमुख कार्यकारी अधिकृतले दिनु भएको जवाफ पश्चात शेयरधनीहरुले साधारणसभामा पेश गरिने आजको प्रस्तावहरुतर्फ प्रवेश गर्न अनुरोध गर्नु भएपछि अध्यक्षज्यूबाट देहाय अनुसारको प्रस्तावहरु छलफल तथा निर्णयार्थ पेश गर्नु भएको थियो ।

६. **अट्ठाइसौं वार्षिक साधारणसभाको निर्णयहरु:**

(क) **साधारण प्रस्ताव**

१. विषय-सूची नं. १ बमोजीम सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन २०६३ दफा १०९ बमोजिम तयार पारिएको आ.व २०७८/७९ को प्रतिवेदन, धितोपत्र दर्ता तथा निश्कासन नियमावली २०७३ नियम २६ को उप-नियम (२) संग सम्बन्धित अनुसूचि १५ बमोजिमको प्रतिवेदन तथा सूचिकृत संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ को दफा २० (३) तथा २० (४) को प्रयोजनको लागि प्रकाशित विवरण छलफल पश्चात सर्वसम्मतिबाट पारित गरियो ।

२. विषय-सूची नं. २ बमोजीम सभामा प्रस्तुत गरिएको लेखापरीक्षकको प्रतिवेदन सहित नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको २०७९ आषाढ मसान्तको वासलात तथा मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह बिवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

३. विषय-सूची नं. ३ बमोजीम आर्थिक वर्ष २०७९/८० को लागी लेखापरीक्षकको नियुक्ती तथा नीजको पारिश्रमीक निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिसमा P & B Associates लाई बाह्य लेखापरीक्षण, *Tax Audit,* कम्पनी ऐन, २०६३ को दफा ७८ प्रमाणिकरण लगायत नेपाल धितोपत्र बोर्डमा पेश गर्नु पर्ने संस्थागत सुशासन अनुपालना प्रतिवेदन समेत प्रमाणित गर्न पारिश्रमिक स्वरुप Out of Pocket Expenses बाहेक मूल्य अभिवृद्धि कर, VAT सहित रु. ६,५६,२५०/- (अक्षरेपी छ लाख छप्पन्न हजार दुई सय पचास मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

४. विषय-सूची नं. ४ बमोजिम संचालक समितिबाट प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. ९५,८६,७५,०००/- को ५.२०% ले हुने रु. ४,९८,५१,१००/- (अक्षरेपी चार करोड अन्ठान्नब्बे लाख एकाउन्न हजार एक सय मात्र) नगद लाभांश (कर प्रयोजनार्थ समेत) को प्रस्ताव साधारणसभाबाट सर्वसम्मतिले पारित गरियो ।

Shree Investment & Finance Co. Ltd. श्री SHREE Estd-2051 Kathmandu

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

**(ख) विशेष प्रस्ताव:**

१. विषय-सूची नं. १ बमोजिम सभामा सञ्चालक समितिको तर्फबाट सिफारिस गरी पेश गरिएको आ.व. २०७८/७९ को खुद मुनाफाबाट चुक्ता पूँजी रु. ९५,८६,७५,०००/-को २.४०% ले हुने रु. २,३०,०८,२००/- (अक्षरेपी दुई करोड तीस लाख आठ हजार दुई सय मात्र) (२,३०,०८,२ कित्ता) बोनस शेयर वितरण गर्ने निर्णय साधारणसभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. विषय-सूची नं. २ बमोजिम बोनश शेयर बितरणबाट कम्पनीको हालको जारी तथा चुक्ता पूँजी रु. ९५,८६,७५,०००/- बाट बृद्धि भई रु.९८,१६,८३२००/- (अक्षरेपी अन्ठान्नब्वे करोड सोह्र लाख त्रियासी हजार दुई सय मात्र) हुने गरि कम्पनीको प्रबन्धपत्रमा देहाय अनुसार संशोधन गर्ने प्रस्तावलाई साधारणसभाबाट सर्वसम्मतीले पारित गरियो ।

**दफा ५ खण्ड (ख)**

"वित्तीय सस्थाको जारी पूँजी रु.९८,१६,८३२००/- (अक्षरेपी अन्ठान्नब्वे करोड सोह्र लाख त्रियासी हजार दुई सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१०० दरका ९८,१६,८३२ (अन्ठान्नब्बे लाख सोह्र हजार आठ सय वत्तिस ) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

**दफा ५ खण्ड (ग)**

"वित्तीय सस्थाको चुक्ता पूँजी रु.९८,१६,८३२००/- (अक्षरेपी अन्ठान्नब्वे करोड सोह्र लाख त्रियासी हजार दुई सय मात्र) हुनेछ ।"

३. विषय-सूचि नं. ३ बमोजिम संस्थापक तर्फको विद्यमान शेयर स्वामित्व ५३.३२% र सर्व-साधारण तर्फको शेयर स्वामित्व ४६.६८% लाई क्रमश: ५१% र ४९% कायम गर्न प्रवन्ध पत्रको दफा ५ को खण्ड (घ) र (ङ) मा तदनुसार संशोधन गर्न नेपाल राष्ट्र बैकबाट समेत प्रारम्भिक सहमति प्राप्त भएकोले सोही बमोजिम हुने गरी कम्पनीको प्रबन्धपत्रमा देहाय अनुसार संशोधन गर्ने प्रस्तावलाई सर्व-सम्मतीले पारित गरियो ।

**दफा ५ खण्ड (घ)**

संस्थापक शेयरधनीहरुलाई "क" समूहमा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामीत्व ५१.०० प्रतिशत कायम रहने छ ।

**दफा ५ खण्ड (ङ)**

सर्व-साधारणमा विक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९.०० प्रतिशत हुनेछ ।

४. विषय-सूची नं. ४ बमोजीम कम्पनीको प्रवन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायको कुनै फेरवदल सुझाव भएमा तदनुसारको समावेश गरि आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

Shree Investment & Finance Co. Ltd. Estd-2051 Kathmandu

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4422038, 4426146, 4415344, 4417558, Fax:977-1-4421779, Email: info@shreefinance.com.np

(ग) **विविध**

यस शिर्षक अन्तरगत छलफलका अन्य कुनै पनि विषय वस्तु नरहेको व्यहोरा सभाध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

७. **धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

अन्त्यमा, कम्पनीलाई आजको अवस्थामा पुऱ्याउन अथक प्रयास गर्ने कर्मचारीहरु, नियमनकारी निकायहरुलाई समेत धन्यवाद दिँदै अट्ठाइसौं वार्षिक साधारणसभामा उपस्थित भई उत्साह पूर्वक छलफलमा सहभागि भई प्रस्तावित विषय-वस्तुहरु पारित गरि दिनु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरुमा पनि शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरुबाट सहयोगको अपेक्षा राख्दै सम्पूर्ण शेयरधनी महानुभावहरु तथा उपस्थित सबैलाई धन्यवाद दिदैं सभाध्यक्षज्यूले सभा विसर्जनको घोषणा गर्नु भयो ।

..............................
खिम बहादुर कार्की
कम्पनी सचिव

Shree Investment & Finance Co. Ltd. श्री SHREE Estd-2051 Kathmandu

..............................
महेश प्रसाद अधिकारी
सभाध्यक्ष